Government of Saskatchewan

Saskatchewan Organization for Heritage Languages Inc.

# बारम्बार सोधिने प्रश्नहरु

# सम्पदायिक भाषामा विध्यार्थीको स्व-मुल्यांकन

**विध्यार्थीका सम्पदायिक भाषामा स्व-मुल्यांकन गर्ने प्रक्रिया के के हुन् ?**

- स्व-मुल्यांकन गर्ने प्रक्रियाहरुमा क्रमवद्द फारम पर्दछन जसलाई प्रयोग गरेर विध्यार्थीहरुले आफ्नो सम्पदायिक भाषाको दक्षता मुल्यांकन गर्न सक्दछन्। फारमहरुमा भाषा दक्षताको विवरणहरु समावेस गरियेको हुन्छ। स्व-मुल्यांकन गर्ने फारममा उल्लेख गरिएक दक्षताहरु आफुले प्रदर्शन गर्न सक्ने कूराको निर्णय विद्यार्थी स्वयंले गर्नु पर्ने हुन्छ।

**विध्यार्थीहरुले** आफ्नो **भाषाको प्रगतीको मुल्यांकन किन आफै गर्दछन्ु के यो शिक्षकको** भुमिका **होइन ?**

- स्व-मुल्यांकनले विध्यार्थीलाई निम्न कुराहरु बुझ्नको लागि मद्दत गर्दछ। ढक) उनिहरुले के सिके (ख)उनिहरुले कसरि सिक्छन्,र (ग) कुन कुन ठाउंमा सुधार गर्न सकिन्छ। शिक्षकहरुले भाषा सिक्नको लागि सल्लाह, मार्गदर्शन र सकारत्मक वतावरण प्रदान गर्छन्।

**स्व-मुल्यांकन फारमहरु कसरी तयार परियो ?**

- स्व-मुल्यांकन फारमहरु अतिरिक्त भाषाहरुका लागि अन्तराष्ट्रिय भाषा मापन गर्न शिक्षा मन्त्रालयद्वारा सिफारिश खाका, कमन फ्रेमवर्क अफ रेफरेन्स फर ल्याङ्गवेजेज (सी। अफ। आर।) मा आधरित छ।
- सी. अफ. आर. ले सिलसिलेवार मापदण्ड र शब्दावलीहरु प्रदान गर्दछ जसको आधारमा सबै भाषाका शिक्षार्थीहरुलाई एउटै मापदण्ड अन्तर्गत जाँच गरिन्छ। विष्तृत जानकारीका लागि www.coe.int/lang-CEFR मा जानुहोस्।

**समग्र रूपमा स्व-मुल्यांकन फारमहरु कतिवटा छन् ?**

- स्व-मुल्यांकन फारमहरु १० वटा छन्, जुन चार प्रकारमा वर्गिकरण गरिएका छन्।

- एउटा फारम प्रारम्भिक वर्षका लागी - पुर्वप्राथमिक, पुर्वकिंडरगार्टन,किंडरगार्टनका विध्यार्थी
- तीन वटा फारम प्राथमिक वर्षका लागि - कक्षा १ देखि ५ सम्मका विध्यार्थीहरु
- तीन वटा फारम मध्य वर्षका लागि - कक्षा ६ देखि ९ सम्मका विध्यार्थीहरु
- तीन वटा फारम माध्यमिकरवयस्कका लागि -कक्षा १० देखि १२ सम्मका र त्यो भन्दा माथिका विध्यार्थीहरु

**कक्षा कोठामा भएका विध्यार्थीलाई कुन फारम दिने कुरा बारे मैले कसरी थाह पाउने ?**

- सर्वप्रथम ,फारमको प्रकार निर्धारण गर्नको लागि विध्यार्थीको विध्यालय श्रेणी जाँच गर्ने। उदाहरणको लागि यदि विध्यार्थी कक्षा ३ मा छ भने प्राथमिक मुल्यांकन फारम प्रयोग गरिन्छ ।
- दोस्रो, बिध्यार्थीको भाषा क्षमता र भाषाको अनुमानित स्तर मुल्यांकन गर्ने अवलोकन्, बास्तबिक प्रमाण, अथवा अनौपचारिक परिक्षणको प्रयोग गर्ने। यदि बिध्यार्थी शुरुवातमा छ भने फारम A1.1/A1.2 बाट शुरु गर्ने। यदि बिध्यार्थी सम्पदा भाषामा अधिक प्रवाहशील छ भने, अर्को स्तरको फारम, A2.1/A2.2 प्रयोग गर्ने।

**बिध्यार्थीको शिक्षा मन्त्रालयले** दिएको **बिध्यार्थी** क्रमांक **कसरी पत्ता लगाउने ?**

- सास्कचेवानमा, पुर्वकिन्डरगारडेन देखि कक्षा १२ सम्मका सबै बिध्यार्थीहरुका बिध्यार्थी क्रमांक हुन्छ। अभिभावक (ठूला बिध्यार्थीहरु)ले बिध्यालयको प्रधान-अध्यापक अथवा सचिवसंग यो बिध्यार्थी संख्या माग्न सक्छन्।

**बिध्यार्थी अर्को स्तरमा जान कहिले तयार हुन्छन् ?**

- जब बिध्यार्थीले त्यो स्तरको "म सक्छु" भन्ने कथन आधा भन्दा बढी कुनै सहायता नलीइकन गर्न सक्छन, तब बिध्यार्थी अर्को स्तरमा जान सक्छन्।
- जब बिध्यार्थी अर्को स्तरमा जान्छन्,बाँकी पुरा हून बांकी "म सक्छु" भन्ने कथनहरु हटाइएको हुदैन। जबसम्म बिध्यार्थीहरुले यी सीपहरु कसैको सहायता नलीइकन गर्न सक्दैनन्, तब सम्म निरन्तर रुपमा यी सीपहरुमा काम गरिरहनु पर्ने हुन्छ। कुनै पनि स्तरको सीप पुरा गर्न समय सिमा तोकिएको हुदैन। तथापि, बिध्यार्थीहरुले समयानुसर आफ्नो प्रगति देखाउनु पर्दछ ।

**के म रान्रो भाषा बोल्न सक्ने बिध्यार्थीहरुको लागि एउटा स्तर छोडेर अर्को स्तर मा लैजान सक्छु ?**

- सकिदैन। बिध्यार्थीहरु लगातार एक पछि अर्को गर्दै स्तर उक्लिन्छन्। कुनै बिध्यार्थीहरुमा अरुको भन्दा माथिल्ला स्तरको ज्ञान हुनु स्वभाविक हो। उदाहरणको लागी, एउटा बिध्यार्थीले सम्पदा भाषा राम्ररी बोल्न सक्लान तर, पढाई र लेखाईको सीपमा भने शुरुवाती स्तरमा हुन सक्छन्।

**यदि बिध्यार्थीले पढ्न र लेख्न जानेका छैनन भने के गर्ने ?**

- धेरै भाषाका शिक्षकहरुले सुनेर, बोलेर र बार्तालापका माध्यमबाट सुरुवाती स्तर (A1.1)का बिध्यार्थीहरु संग काम सुरु गर्छन्। यदि बिध्यार्थीहरु पढ्न र लेख्न अझै सक्षम छैनन भने,मुल्यांकन फारम को यो भाग खाली राख्न सकिन्छ जबसम्म बिध्यार्थीहरुमा यो सीपहरु कक्षा कोठाबाट बिकसित गरिदैन।

**एउटा बिध्यार्थी कक्षा १ मा छ र उस्ले भर्खरै सम्पदा भाषा सिक्न थालेको छ। यस अवस्थामा प्राथमिक श्रृंखला फारम प्रयोग गर्ने कि प्रारम्भिक बर्षको फारम प्रयोग गर्ने?**

- कुन फारम प्रयोग गर्ने भन्ने कुरा विध्यार्थीको कक्षामा निर्भर हुन्छ। यदि विध्यार्थी कक्षा १ म पढ्दै छ भने, प्राथमिक श्रृंखलाको फारम छान्नु पर्दछ। A1.1 स्तरको फारम शुरुवाती भाषा सिक्नेहरुको लागी प्रयोग गरिन्छ।

**किन्डरगार्टेन र कक्षा १ देखि ३ सम्मका विध्यार्थीहरुमा स्व-मुल्यांकन फारम पढ्न कठिनाई भइरहेको छ। यस अवस्थामा के गर्न सकिन्छ?**

- कम उमेरका विध्यार्थीहरुलाई स्व-मुल्यांकन फारम भर्नको लागि शिक्षकहरुले सहयोग गर्न सक्छन । एउटा शैक्षिक सत्रमा एक अथवा दुई "म सक्छु" भन्ने कथनमा ध्यान केन्द्रीत गर्नु पर्छ। उदाहरणको लागि, विध्यार्थीहरुसंग चित्रमा भएका वस्तुहरुको नाम भन्न, गीत गाउन अथवा उनीहरुको नाम लेख्न लगाउन सकिन्छ। त्यसपछि, विध्यार्थीहरुले उनीहरुलाई कति सहयोग चहिन्छ जस्तै, "धेरै सहयोग", "कम सहयोग" अथवा "सहयोग नचाहिने" भन्ने कुरा स्व-मुल्यांकन फारमको उपयुक्त कोठा (बक्स) मा चिन्ह लगाउन सक्छन्।

**बढि उमेरका विध्यार्थीहरुको लागि स्व-मुल्यांकन फारम कसरी प्रयोग गर्ने?**

- बढि उमेरका विध्यार्थीहरुले छुट्टा छुट्टै व्यक्तिगत रुपमा, साथी सगं मिलेर, सानो समुह बनाएर अथवा कक्षाको सबै मिलेर काम गर्न सक्छन्।

**विध्यार्थीको भाषाको समग्र स्तर मा कसरि हिसाब गर्ने?**

- स्व-मुल्यांकन फारममा सीप क्षेत्रहरु (सुन्ने, कुराकानी, बोल्ने, पढ्ने र लेख्ने) को अनेक विवरणहरु र प्रत्येक सीप क्षेत्रको कुल प्राप्तांक उल्लेख गरिएको हुन्छ।
- वर्षको अन्त्यमा, विध्यार्थीहरुको स्तर निर्धारण गर्नको लागि प्रत्येक सीप क्षेत्रको अंक गणना गर्नु पर्छ। बिध्यार्थीहरु अर्को स्तरमा जानको लागि उनीहरुले "म सक्छु" भन्ने कथन कुनै सहायता नलीइकन आधा भन्दा बढी गर्न सक्नु पर्दछ।

| A१.२ सुन्ने | A१.२ कुराकानी | A१.२ बोल्ने | A१.२ पढ्ने | A१.२ लेख्ने | A१.२ समग्र स्तर |
|---|---|---|---|---|---|
| ३/४ | ३/४ | २/४ | १/३ | १/३ | १०/१८ |

**विध्यार्थीको स्व-मुल्यांकन हरु प्रायः कहिले कहिले गर्नु पर्छ?**

- विध्यालय वर्षको दौरान कम्तिमा एक पटक अनि विध्यालय वर्षको अन्त्यमा अर्को पटक विध्यार्थीको स्व-मुल्यांकन गर्न समय मिलाउनु पर्दछ। स्व-मुल्यांकन फारमहरुमा दुई भिन्न मुल्यांकनहरुको जानकारी उल्लेख गर्ने ठाउँ हुन्छ।

**स्व-मुल्यांकन गर्नका लागि कसरी समय मिलाउने? यो भाषाको कक्षा हप्ताको एक चोटि मात्र हुन्छ।**

- स्व-मुल्यांकन गर्ने क्रममा विध्यार्थीहरुले सिकिरहेका पनि हुन्छन्। उनीहरुले प्रत्येक सीपहरुको बारेमा सोच्न पर्ने हुन्छ, अनि संभवतः, विध्यार्थीहरुले प्रत्येक सीपहरुमा महारत हासिल गरेको कुरा आफैलाई, अरु विध्यार्थीहरुलाई अथवा उनीहरुको शिक्षकको सामुन्ने प्रदर्शन गर्नु पर्दछ। स्व-मुल्यांकन कक्षाकोठामा निर्देशन दिने समयको एक हिस्सा बन्न सक्छ। स्व-मुल्यांकन मा सहयोग गर्ने शिक्षकले स्वयंसेवक, अभिभावक तथा बढि उमेरका विध्यार्थीहरुलाई आहवान गर्न सक्छन्। उनीहरुले प्रत्येक विध्यार्थीको भाषाको सीपहरुबारे निगरानी गर्छन र कुन सीप पुरा गर्नको कति सहयोग चाहिन्छ भन्ने कुराको निर्क्योल गर्छन्।

**के एउटै स्व-मुल्यांकन फारम एक वर्ष भन्दा बढि** अवधिका लागि **प्रयोग गर्न सकिन्छ?**

- सकिन्छ। विध्यार्थीहरुको कुनै एक स्तरमा सीपहरुको विकास हुन एक बर्ष भन्दा बढि लाग्न सक्छ । यसैको लागि प्रत्येक विवरणहरुको पछी मिति लेख्न एक भन्दा बढि खालि ठाउँ रखिएको हुन्छ।

**पूरा भरिसकेका स्व-मुल्यांकन  फारम कस्ले राख्नु पर्दछ?**

- पूरा भरिसकेका स्व-मुल्यांकन  फारम विध्यार्थीहरुको हो।  शिक्षकले यी फारमहरु शिक्षण बर्षको दौरान फाईल गरेर राख्न सक्छन जस्ले गर्दा स्व-मुल्यांकन  गर्ने समयमा यी फारमहरु उपलब्ध हुन  सकोस ।